# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४५।११।१७ को निर्णयानुसार अख्तियार दुरूपयोग निवारण आयोगको सचिव श्री अच्युतनारायण राजभण्डारीलाई निर्वाचन आयोगको सचिव पदमा मिति २०४५।१२।५ देखि काजमा लगी काम गराउने निर्णय गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी महाकाली अञ्चल अदालतका अञ्चल न्यायाधीश श्री बुद्धबहादुर अधिकारीलाई अख्तियार दुरूपयोग निवारण आयोगको सचिव (विशिष्ट श्रेणी) पदमा मिति २०४५।१२।५ देखि लागू हुने गरी कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

स्वास्थ्य मन्त्रालयका का. मु. सचिव श्री वासुदेव प्रधान घरबिदामा बस्नु भएकोले उहाँ हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री विहारीकृष्ण श्रेष्ठलाई मिति २०४५।१२।७ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।